# पश्चिम सेती जलाधारका लागि भावी कार्यदिशा

पश्चिम सेती जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले पश्चिम सेती जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागि समाधानउन्मुख र सुधारउन्मुख  उपायहरू प्रदान गर्ने छ।

| समस्या | कार्य/सुझाव |
|---|---|
| पहिरो, नदी कटान, बाढी तथा गेग्रान र बालुवा थुप्रिने प्रक्रिया | • थानीय सरकार तथा सरोकारवालाहरूसँगको सहकार्यमा पहिरो, नदी कटान, बाढी तथा गेग्रान र बालुवा थुप्रिने प्रक्रियाको जोखिममा रहेका क्षेत्रको पहिचान तथा नक्साङ्कन गर्ने, र<br>• विद्यमान राष्ट्रिय ढाँचामा आधारित रहेर स्थानीय तहको अनुकूलन तथा विपद् जोखिम प्रतिकार्य योजनाको तर्जुमा गर्ने। |
| अनुपयुक्त ढंगबाट सडकको निर्माण | • पानीका मुहानको रक्षा गर्न तथा अनुपयुक्त ढंगबाट निर्माण गरिएका सडकले निम्त्याएका सम्भावित विपद्का असरलाई न्युनिकरण गर्नका लागि बायो इन्जिनियरिङ्ग प्रविधिको प्रवर्द्धन गर्ने,<br>• सडक निर्माणका अभ्यासहरूको निरीक्षण तथा अनुगमन गर्नका लागि स्थानीय वासिन्दाको क्षमता अभिवृद्धि गर्ने, र<br>• सडक निर्माणपूर्व पर्याप्त वातावरणीय मूल्याङ्कन आवश्यक पर्ने नीतिको अधीनमा रही यी सडकहरूको निर्माण गर्नका लागि दीर्घकालीन सडक सञ्जालको परिकल्पना तथा निर्देशिकाको तर्जुमा गर्ने। |
| विनाश भएको जलचरको वासस्थान र माछाको घट्दो सङ्ख्या | • आम सञ्चार माध्यमको प्रयोग गर्दै जलीय वासस्थानसम्बन्धी विद्यमान नीतिको प्रसार तथा प्रवर्द्धन गर्ने,<br>• जलीय वासस्थानका तथा संरक्षणका उपायहरूको महत्वको विषयमा चेतना अभिवृद्धि गर्नका लागि स्थानीय विद्यालयमा जनचेतनालाई प्रवर्द्धन गर्ने, र<br>• माछा मार्ने र अत्याधिक संकलन गर्ने गैर–कानूनी अभ्यासउपर प्रतिबन्ध लगाउने मत्स्य संरक्षण नीतिलाई कडाइका साथ लागू गर्न प्रोत्साहन गर्ने। |
| वन विनाश र डढेलो | • डढेलोको खतरा तथा डढेलोको रोकथाम गर्ने उपायका बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• अग्नि नियन्त्रणका लागि सामुदायिक तालिम प्रदान गर्ने र यी तालिमलाई सहयोग गर्ने गरीका उपकरण वितरण गर्ने,<br>• राष्ट्रिय निकुञ्ज तथा सम्भव भएसम्म अन्य स्थानमा पनि चरीचरणलाई न्यूनीकरण गर्ने, र<br>• डढेलो लाग्ने सम्भावित क्षेत्रहरूको बारेमा सचेत बनाउनका लागि सुख्खायाममा सामुदायिक गस्तीको स्थापना गर्ने। |
| पानीको सुक्दो मुहान (र बढ्दो जल प्रदूषण) | • भविष्यमा अपनाइने संरक्षणका प्रयासहरूका लागि जानकारी प्रदान गर्न पानीका विद्यमान स्रोतहरूको नक्साङ्कन गर्ने,<br>• जल उपयोग गुरुयोजनाको कार्यान्वयनमा सुधार ल्याउने,<br>• सौर्य ऊर्जाबाट चल्ने पानी तान्ने मिसिन (पम्प), ढिकी पम्प, थोपा सिंचाई र आकाशे पानीको संकलनजस्ता आधुनिक तथा सामान्य प्रविधि अपनाउने,<br>• गट्टि ढुंगा निकाल्ने तथा उत्खनन गर्ने कार्यलाई नियमन गर्ने गरी नदी प्रवाहको माथिल्ला भेगमा मात्र स्थापना गर्न प्रवर्द्धन गर्ने।<br>• जलाधारको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित कानून र नियमहरूको कार्यान्वयनलाई प्रोत्साहन गर्ने। |
| अनेक स्रोतबाट हुने प्रदूषण र नदी र खोलामा गरिने फोहोरमैलाको विर्सजन | • स्थानीय तहमा हुने फोहोरमैलाको व्यवस्थापनमा सुधार ल्याउने,<br>• नदीमा फोहोरमैला फ्याक्दा हुने दुष्प्रभावका बारेमा जनचेतना फैलाउने,<br>• सरकारी प्रतिनिधिहरूलाई स्वास्थ्य तथा सरसफाइका मापदण्डको बारेमा प्रशिक्षित गर्ने, र |
| गरिने फोहोरमैलाको विर्सजन | • सेती नदी र यसका सहायक नदीको पानीको गुणस्तरको अनुगमनलाई बढाउने। |



USAID
FROM THE AMERICAN PEOPLE

युएसएड पानी परियोजना

# पश्चिम सेती जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

सामुदायिक परिकल्पना:
न्यायपूर्ण र समतामुलक पश्चिम सेती जलाधारको लागि प्राकृतिक स्रोतको व्यवस्थापन तथा दिगो विकास।







# पश्चिम सेती जलाधार

पश्चिम सेती जलाधार पश्चिम नेपालको कर्णाली बेसिनमा अवस्थित छ। यस जलाधारको ९७ प्रतिशत भू–भाग बझाङ्ग जिल्लामा पर्दछ भने केही हिस्साहरू छिमेकी डोटी तथा बाजुरा जिल्लाहरूमा पनि फैलिएको छ। यो जलाधारका पानी दक्षिण दिशातर्फ कर्णाली नदीमा गएर मिसिन्छन र अन्त्यमा भारतको गङ्गा नदी बेसिनमा गएर समाहित हुन्छन।

नेपालको पृथक उचाइको भिन्नता तथा भौगोलिक विविधताको कारण, पश्चिम सेती जलाधारमा विभिन्न प्रकृतिका पर्यावरणहरू पाइन्छन् र यी पर्यावरणहरूले ५६७ प्रजातिका वनस्पति तथा जीवनजन्तुको लोभलाग्दो विविधतालाई वासस्थान प्रदान गरेको छ। यो विविधतालाई रक्षा तथा संरक्षण गर्न हालैका प्रयासहरूको प्रतिबिम्बको रूपमा नेपाल सरकारले सन् १९८४मा यस जलाधारको दक्षिणी भेगमा खप्तड राष्ट्रिय निकुञ्जको स्थापना गरेको थियो। यस क्षेत्रले शिवधाम, खप्तड माईको मन्दिर र खप्तड स्वामीको आश्रममा तिर्थाटनका लागि आउने धार्मिक श्रद्धालुहरूलाई पनि आकर्षित गर्ने गरेको छ।


यस क्षेत्रको प्रमुख जल निकासको माध्यम सेती नदी हो। सेती नदी हिउँ पग्लेर बहने नदी हो र वर्षा र हिउँ दुबैले सिञ्चित थुप्रै सहायक खोलाहरु यस नदीमा आएर मिसिन्छन। यद्यपि, हालैका वर्षहरूमा जलाधारका स्थानीयहरूले जलाधारको पानीको बहावमा उल्लेखनीय परिवर्तन आएको महसुस गरेका छन् र यसका लागि उनीहरूले बढ्दो पहिरो तथा भू–क्षये, अनुपयुक्त किसिमले र्निमित सडक, वन विनाश र भिरालो जमीनमा सर्दै गइरहेको कृषिजन्य अभ्यासलाई कारकको रूपमा मान्छन्।

## संख्यामा पश्चिम सेती

| | |
|---|---|
| जलाधार | पश्चिम सेती (३२७) |
| नदी बेसिन | कर्णाली |
| प्रदेश | सुदूरपश्चिम |
| कूल जलाधार क्षेत्र | १,४८८ वर्ग किलोमिटर |
| भौगोलिक क्षेत्र | उच्च हिमाल (१५%), उच्च पहाड (७८%), मध्यम पहाड (७%) |
| खोलाको सङ्ख्या | २२ |
| मुख्य नदीहरू | सुनिकोटगाड, बालुलिगाड, गनइ गाड, तल्कोटी गाउँ |
| ताल तथा सिमसार क्षेत्र | दौ ताल, खप्तड ताल, राइढुंगी ताल, निकाखदी ताल |
| भू–उपायेग | जङ्गल तथा झाडी (५१%), चरण क्षेत्र (१५%), बाँझो जमिन तथा चट्टान (१३%), र कृषि (२०%) |
| कूल जलनिकास लम्बाइ | ९६३ किलोमिटर |
| जलनिकासको घनत्व | ६४७ घन किलोमिटर |
| गाउँ/नगरपालिकाहरू | नौ गाउँपालिका र एउटा नगरपालिका |
| जनसंख्या | १३०,५३९ (५३% महिला ४७% पुरुष) |
| जनघनत्व | ८८ जना प्रति वर्ग किलोमिटर |
| जातीय समूहहरू | ब्राह्मण (९.६%), क्षेत्री (६६.२%), जनजाति (८.८%) र दलित (१५.२%) |

# पश्चिम सेती जलाधारको स्थलगत नक्सा


River Basin: Karnali                Watershed Code: 327







## पश्चिम सेती जलाधार क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्सामा राखिएका छन् । यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## पश्चिम सेती जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

यस जलीय जैविक विविधता नक्सा विभिन्न सरोकारवालाहरूको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरूले जलचरको वासस्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरूको पहिचान गर्न तथा स्थान विशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुग्नेछ ।






## पश्चिम सेती जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरूले पश्चिम सेती जलाधार क्षेत्रको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

### जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| | |
|---|---|
| सुशासन एवं समानता | समावेशी सहभागिता; महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच; श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता; स्थानीय निकायहरुबीच समन्वय; नीतिगत प्रावधानको पालना; लाभको बाँडफांडमा समतामूलक पहुँच |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | जलविद्युत; सिंचाई; गिट्टी बालुवा उत्खानन; ग्रामीण सडक |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | असल अभ्यास अनुशरण; जलवायु जोखिम गम्भीरता; पुर्व सूचना प्रणालीमा पहुँच |
| जैविक विविधता र वासस्थान | प्रजाति विविधता; घरेलु सरसफाइ; माछाको परिमाण; फोहोर व्यवस्थापन; माछा मार्ने अभ्यास; भू उपयोग |
| पानी | पानीमा पहुँच; पानीको उपलब्धता; पानीको गुणस्तर |
| दिगो कृषिक्षेत्र | माटो व्यवस्थापन; कृषि उत्पादकत्व |